# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर
२०७३

प. सं. २०८०/०८१ — कोशी प्रदेश, नेपाल

च. नं. — मितिः २०८०/१०/०७

**बिज्ञप्ति**

बेलका नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदी बहिनीहरु,

हाल विभिन्न सामाजिक सन्जालमा आएको नदिजन्य पदार्थको ठेक्का सम्वन्धि बेखवर र गुनासो व्यक्त गरेको भन्ने समाचार प्रति ध्यानाकर्षण भएको छ। बेलका नगरपालिका यसैपनि खहरे खोला र ठुला ठुला नदिहरुले बर्षेनी दुःख दिइरहने नगरपालिका भएको हुँदा बाढीजन्य विपदवाट बर्षेनी ठुलो मात्रामा क्षति बेहोर्नु परिरहेको छ । खहरे खोलामा बर्षेनी बर्षायाममा बगेर आउने नदिजन्य पदार्थ थुप्रिएर जमिनको सतह भन्दा खोला खहरेको सतह उच्च हुने हुँदा खहरेले धार परिवर्तन गरी आवासीय र कृषि क्षेत्रतर्फ प्रवेश गरी ठुलो मात्रामा जनधनको क्षति भईरहेको सर्वविदितै छ ।

अतः यसरि थुप्रिने नदिजन्य पदार्थ (ढुङ्गा, बालुवा, गिटी) को उत्खननका लागी स्थानीय जनताहरुको साथमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी गराई नेपालको प्रचलित कानुन वमोजिम सम्बन्धित सबै सरोकारवाला नियमनकारी निकायहरुबाट अनुगमन र सर्वेक्षण समेत गराई, अनुमति लिई, समयमै सार्वजनिक सूचना समेत जारी गरी ठेक्का व्यवस्थापन गरिएको हो । यसरी कानुन, विधि र प्रकृया सम्मत तरिका अपनाई कुनै जनधनको क्षति नहुने गरी बाढीजन्य बिपदबाट जोगाउने, जिर्ण भएका पुर्वाधार मर्मत सम्हार गर्ने र सम्बन्धित खहरे तथा खोलाहरुको संरक्षण र नियन्त्रण गर्ने उद्देश्यले कानुन अनुसार सम्बन्धित वार्डका प्रतिनिधिहरुले बिपद प्रभावित क्षेत्रको सुरक्षाका निमित्त निश्चित मापदण्डअनुरुप कुनै पनि क्षति बेहोर्न नपरोस भनि गरिएको प्रस्ताव IEE गरि ठेक्का प्रक्रिया मार्फत नदिजन्य पदार्थको जम्मा भएर रहेको भागलाई उत्खनन गर्न अगाडी बढाइएको व्यहोरा जानकारी गराउदै बेलका नगरपालिकाको बिकासमा सहयोग पुर्‍याउन हुन हार्दिकताका साथ अनुरोध गर्दछौं । र मापदण्ड विपरीत हुने उत्खनन् कार्य भएको पाइएमा तत्काल नगरपालिकालाई सूचना दिई गैरकानूनी कार्यलाई समेत निरुत्साहन गर्न नगरवासीहरुको पूर्ण साथ र सहयोगको अपेक्षा गर्दछौं।

२०८०।१०।८

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

Website:- www.belakamun.gov.np E-mail:- belakamun@gmail.com, belakamunmayor19@gmail.com
Contact no. +977-35-430111, 430112, 430113, 430117, 430116, 9852835479